## माननीय आर्थिक मामिला मन्त्री

# जीत प्रकाश आले मगरद्वारा

## प्रदेश सभा समक्ष प्रस्तुत

# विनियोजन विधेयक, २०८० का

# सिद्धान्त र प्राथमिकता

## गण्डकी प्रदेश सरकार

## आर्थिक मामिला मन्त्रालय

## पोखरा, नेपाल

## २०८० जेठ १२ गते

**माननीय सभामुख महोदय,**

१. गण्डकी प्रदेशको यस गरिमामय सभामा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली, नागरिक स्वतन्त्रता, समाजिक न्याय र समावेशिता सहितको समृद्ध प्रदेश निर्माणको यस अभियानमा गण्डकी प्रदेश सरकारको आर्थिक मामिला मन्त्रीको हैसियतले विनियोजन विधेयक,२०८० का सिद्धान्त र प्राथमिकता पेश गर्न पाउँदा गौरवको अनभूति गरेको छु।

२. यस गरिमामय सभामा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता पेश गर्नुभन्दा अगाडि सर्वप्रथम सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्र निर्माण क्रममा आफ्नो ज्यान वलिदान गर्नुहुने महान् शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली र श्रद्धेय नेताहरु र अग्रज योद्धाहरुप्रति सम्मान प्रकट गर्न चाहन्छु। साथै राजनितिक परिवर्तनको अभियानमा खटिनु हुने जनप्रतिनिधि, राष्ट्रसेवक र नागरिकहरुप्रति हार्दिक धन्यबाद ज्ञापन गर्न चाहन्छु।

३. नेपालको संविधानको धारा २०७ ले प्रत्येक आर्थिक वर्ष प्रदेश सभा समक्ष राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था बमोजिम आगामी आर्थिक वर्ष २०८०/८१ का लागि प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १० बमोजिम विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकतामा समावेश गरिने प्रमुख विषयहरु यस गरिमामय सभामा छलफलका लागि प्रस्तुत गर्न चाहन्छु।

४. संविधान बमोजिम प्रदेश सरकारले आफ्ना कार्यक्रम सञ्चालन गर्न बजेट तथा कार्यक्रम पेश गर्नुपर्ने व्यवस्था बमोजिम सरकारको भावी कार्यदिशा

र नीतिको सम्बन्धमा मार्गचित्र प्रस्तुत गर्न यस सभा समक्ष उपस्थित भएको छु। नेपालको संविधानका अनुसूचीहरु, सङ्घीय र प्रदेश कानून बमोजिम प्रदेश सरकारलाई प्राप्त क्षेत्राधिकारलाई मुल आधार लिई विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकता पेश गरेको छु।

५. यसको साथै विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकता तय गर्दा मैले नेपालको संविधान, पन्ध्रौं पञ्चवर्षीय योजना, गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना, दिगो विकास लक्ष्य, मध्यमकालीन खर्च संरचना, राजनीतिक दलका चुनावी घोषणापत्र, जनताका माग र आवश्यकता तथा प्रदेशको आर्थिक तथा सामाजिक वस्तुस्थिति र जनता समक्ष गरेका प्रतिवद्धता तथा प्राप्त पृष्ठपोषण समेतलाई प्रमुख मार्गदर्शनको रुपमा लिएको छु।

६. नेपालको सहकारीतामा आधारित सङ्घीयताको मर्म बमोजिम प्रदेश सरकारका नीति, सिद्धान्त र प्राथमिकताहरु संघ र स्थानीय तहसँग तादाम्यता रहनुपर्ने संविधानको मूल मार्गदर्शन रहेको छ। तीनै तहका सरकारसँगको अन्तरसम्बन्ध र समन्वय प्रभावकारी बनाउदै क्षेत्रगत सुधारका कार्यक्रम मार्फत प्रदेशभित्र कृषि क्षेत्रको प्रबर्द्धन गर्दै उत्पादन र उत्पादकत्व अभिवृद्धि, पर्यटन क्षेत्रको विकास, भौतिक पूर्वाधारको विकास, सामाजिक उन्नयन र रोजगारी प्रबर्द्धन गरी प्रदेशको समृद्धि हासिल गर्ने प्रतिबद्धता सहित म आगामी वर्षको बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्न चाहन्छु।

**माननीय सभामुख महोदय,**

उल्लिखित पृष्ठभूमि एवम् **“आत्मनिर्भर तथा समुन्नत प्रदेश सम्मानित प्रदेशवासी”** बनाउन प्रदेश सरकारको प्रतिवद्धतालाई आधारशिलाको रुपमा लिई अब म विनियोजन विधेयक,२०८० का सिद्धान्त प्रस्तुत गर्न चाहन्छु।

७. संविधान प्रदत्त नागरिकका मौलिक हक तथा लोकतान्त्रिक शासन व्यवस्थाको संरक्षण गर्दै कल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्न सङ्घीय राज्य प्रणालीका सबै इकाईका बीचमा समन्वय र सहकार्यका माध्यमबाट अन्तरसरकार सम्बन्ध र व्यवस्थापन सबल एवम् थप प्रभावकारी बनाउने दिशामा आगामी बजेट तथा कार्यक्रम केन्द्रित हुनेछ।

८. नेपालको संविधान, दिगो विकासका लक्ष्य, पन्ध्रौं पञ्चवर्षीय योजना, गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना, नेपाल सरकारका अन्तर्राष्ट्रिय प्रतिबद्धताले निर्दिष्ट गरेका लक्ष्य हासिल गर्दै समावेशी, समानुपातिक र सन्तुलित विकासको अवधारणा मार्फत प्रदेशको दिगो विकासको आधार तयार पारिनेछ। प्रदेशको समृद्धि र विकासका लागि थप अवसर र तुलनात्मक लाभका क्षेत्रको पहिचान र विकास गरिनेछ।

९. प्रदेश सरकारको लगानीलाई उच्च प्रतिफल हासिल हुने क्षेत्रमा आबद्ध गरी परिणाममुखी आर्थिक क्रियाकलापको माध्यमबाट अर्थतन्त्रलाई गतिशील बनाइनेछ। उत्पादकत्व वृद्धि, उद्यमशीलता प्रबर्द्धन र रोजगारी सिर्जना हुने गरी विकास आयोजनामा स्रोत परिचालन गरिने, उपयुक्त लगानीको वातावरण बनाई बाह्य लगानी समेत परिचालन गर्न नेपाल सरकार र विकास साझेदारसँग समन्वय एवम् सहकार्य गरिनेछ। सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारी मार्फत प्रदेशको दिगो

तथा फराकिलो आर्थिक वृद्धि हासिल गर्दै समृद्ध प्रदेशको परिकल्पना साकार तुल्याइनेछ।

१०. उत्पादनमा आधारित अनुदान तथा सहुलियत प्रणाली, सीप विकास र आधुनिक प्रविधिको प्रयोग र उत्पादनको बजारीकरणको सुनिश्चितता मार्फत व्यावसायिक कृषि उत्पादनमा जोड दिइनेछ। व्यावसायिक सीप विकास र सहकारी क्षेत्रलाई परिचालन गरी उद्यमशीलताको प्रबर्द्धन गर्दै उत्पादनमा आत्मनिर्भरता र रोजगारी अभिवृद्धि गरिनेछ।

११. विश्वविद्यालय एवम् प्रशिक्षण संस्थाको सुदृढीकरण मार्फत सीप र प्रविधिको प्रयोग गर्न सक्ने सक्षमता सहितको सीपयुक्त जनशक्ति प्रदेशभित्र नै उत्पादन, विकास, परिचालन र उपयोग गर्ने गरी मानव संशाधनको विकास गरिने, आर्जित सीप र क्षमताको प्रयोग हुने वातावरण विकास गरी क्षमतावान जनशक्ति प्रदेशमा नै खपत हुने अवसरको विकास गरिनेछ।

१२. उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरी सार्वजनिक सेवा प्रवाहलाई विश्वसनीय, गुणस्तरीय र भरपर्दो बनाइनेछ। आर्थिक मितव्ययिता, पारदर्शिता तथा वित्तीय उत्तरदायित्व कायम गरी प्रदेश सरकारका क्रियाकलापलाई सार्वजनिक सेवाप्रति जवाफदेही बनाई सुशासनको प्रबर्द्धन गरिनेछ।

१३. विश्वव्यापी रुपमा कोरोना महामारीले पारेको प्रभाव र आर्थिक शिथिलताका कारण सिर्जित चुनौतिहरुको सामना गर्न पूँजीगत खर्चमा वृद्धि र आर्थिक क्रियाकलाप बढोत्तरी मार्फत गतिशिल अर्थतन्त्रको

सिर्जना गरिनेछ। विपद्जन्य घटनाको न्यूनीकरण गर्न विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गरिनेछ।

१४. सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास र विद्युतीय प्रणालीमा आधारित सेवा मार्फत प्रदेश सरकारबाट प्रवाह गरिने सेवालाई सहज, सरल र छरितो बनाइनेछ।

१५. समावेशिता र सामाजिक न्याय कायम हुने गरी गरीब, असहाय, द्वन्द्वपीडित, शहीद तथा वेपत्ता पारिएका व्यक्तिका परिवार, आर्थिकरूपले विपन्न, महिला, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक समुदाय, लोपोन्मुख वर्ग लगायतका सबै वर्ग, क्षेत्रको सेवा प्रवाहमा समन्यायिक पहुँच सुनिश्चित गरिनेछ।

**माननीय सभामुख महोदय,**

अब म विनियोजन विधेयक, २०८० का **प्राथमिकता** प्रस्तुत गर्न चाहन्छु।

१६. संविधानले परिलक्षित गरेको लोककल्याणकारी राज्य र समाजबाद उन्मुख अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउन सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र सहकार्य मार्फत उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरी आत्मनिर्भर तथा उन्नतशिल प्रदेश निर्माणको दिशामा आगामी बजेट केन्द्रित हुनेछ।

१७. आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ।

१८. उपलब्ध स्रोत र साधनको प्रभावकारी परिचालन मार्फत उत्पादन, रोजगारी, आम्दानी र जनताको जीवनस्तर उन्नयन गर्ने कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ। अधुरा र दायित्व सिर्जना भइसकेका आयोजनाहरु सम्पन्न गर्न बजेटमा प्राथमिकता दिइनेछ।

१९. सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन, विस्तृत डिजाईन, जग्गा प्राप्ति, वातावरणीय प्रभाव मुल्याङ्कन तथा रेखाङ्कन सुनिश्चितता भइसकेका र तत्काल ठेक्का सम्झौता हुनसक्ने आयोजनालाई प्राथमिकता दिई बजेट विनियोजन गरिनेछ।

२०. प्रदेश गौरवका आयोजना, रुपान्तरणकारी र वहुवर्षीय आयोजना लगायतका रणनीतिक महत्त्वका आयोजना तथा कार्यक्रमलाई तोकिएकै समयमा सम्पन्न गर्ने गरी बजेट विनियोजन गरिनेछ।

२१. शहरी र ग्रामीण भू-भाग, एक भन्दा बढी स्थानीय तहको केन्द्र जोड्ने सडक र राष्ट्रिय राजमार्गको सञ्जालमा जोडिने प्रादेशिक तथा सहायक राजमार्ग निर्माणलाई बजेटमा प्राथमिकता दिइनेछ।

२२. आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्दै पर्यटक आवागमनको संख्यामा अभिवृद्धि गर्न प्रदेश भित्रका महत्वपूर्ण ऐतिहासिक, धार्मिक, साँस्कृतिक सम्पदा र अन्य पर्यटकीय स्थलहरुको खोज, पर्यटन पूर्वाधार विकास र प्रबर्द्धन गरी आन्तरिक आय अभिवृद्धि गरिनेछ।

२३. कृषि क्षेत्रको व्यावसायीकरण, औद्योगिकीकरण, यान्त्रिकीकरण, विशिष्टिकरण, आधुनिकीकरण र बजारीकरण गरी उत्पादन एवम् उत्पादकत्व वृद्धिमा जोड दिइनेछ। प्रदेशका सम्भाव्य स्थानहरुमा कृषि, पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम, चक्लाबन्दीमा आधारित सामूहिक

खेती, बाँझो जग्गामा खेती गर्ने जस्ता प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२४. प्रदेशभित्र खेतीयोग्य जमिन र कृषि पकेट क्षेत्रमा सिंचाई सुविधाको माध्यमबाट कृषि उत्पादनमा बढोत्तरी गर्न वृहत सिचाई गुरुयोजना तयार गरी सिंचाई सुविधालाई व्यवस्थित गरिनेछ।

२५. प्रादेशिक स्वास्थ्य संस्थालाई प्राविधिक जनशक्ति तथा उपकरणयुक्त बनाई स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउने किसिमका कार्यक्रमलाई बजेट सुनिश्चित गर्न प्राथमिकता दिइनेछ।

२६. मातृ-शिशु तथा बाल स्वास्थ्य, किशोर किशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा असहायलाई विशेष व्यवस्था गरी स्वास्थ्य सेवालाई थप सर्वसुलभ एवम् पँहुचयोग्य बनाइनेछ।

२७. प्राविधिक शिक्षाको गुणस्तर अभिवृद्धि गरी विद्यार्थीलाई आत्मनिर्भर तथा क्षमतावान बनाउन प्रविधिमैत्री शिक्षा प्रणाली विकास गरिनेछ। स्वरोजगार, उद्यमशीलता र नव-अन्वेषण कार्यक्रम सञ्चालन गर्न भौतिक, प्राविधिक, व्यवस्थापकीय र शैक्षिक पक्षको सुधार सम्बन्धी कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

२८. सीपयुक्त जनशक्ति विकासका लागि व्यावसायिक शिक्षा, गुणस्तरीय सीपमूलक तालिम र अनुसन्धानमा आधारित उच्चस्तरीय जनशक्ति उत्पादनमा जोड दिइनेछ। अनुसन्धानमूलक शिक्षा मार्फत खोज अन्वेषण प्रबर्द्धन गर्न बजेटमा जोड दिइनेछ।

२९. परम्परागत ज्ञान, सीप, क्षमता र स्वदेशी कच्चा पदार्थमा आधारित साना तथा मझौला उत्पादनमुखी उद्योग व्यवसाय सञ्चालन गर्न युवा उद्यमी र उत्पादन विकास सम्बन्धी कार्यक्रमलाई प्राथमिकता दिइनेछ। साथै प्रदेशभित्र खानी तथा खनिजजन्य उद्योग र औद्योगिक क्षेत्रको सम्भाव्यता अध्ययन गर्ने कार्यलाई बजेटमा जोड दिइनेछ।

३०. गुणस्तरीय वस्तु तथा सेवाको सहज, सुलभ र नियमित आपूर्तिको व्यवस्था गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहन गर्नुको साथै नियमित अनुगमन र नियमनलाई प्रभावकारी बनाईनेछ।

३१. नागरिकका लागि आधारभूत र स्वच्छ खानेपानी सेवा सुनिश्चित गरिनेछ। प्रदेशको आन्तरिक आय अभिवृद्धिमा सहयोग पुऱ्याउन र उज्यालो गण्डकी प्रदेश अभियानलाई साकार पार्न जलविद्युत आयोजनामा लगानीका साथै वैकल्पिक उर्जाको विकास एवम् विस्तारमा जोड दिइनेछ।

३२. प्रदेशभर शान्तिसुरक्षा एवं अमनचयन कायम राखी नागरिकको जीउधनको सुरक्षाको उचित प्रबन्ध गर्न नेपाल सरकारसँगको समन्वयमा प्रदेश प्रहरी परिचालनको आवश्यक व्यवस्था गरी प्रदेश मातहतको प्रहरी प्रशासनलाई स्रोत साधन सम्पन्न बनाई सुरक्षा व्यवस्थापनको उचित प्रवन्ध गरिनेछ।

३३. लैङ्गिक समानता, सामाजिक समावेशिकरण र विभेदको अन्त्य गर्न जेष्ठ नागरिक, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, दलित, लोपोन्मुख, सीमान्तकृत, अल्पसंख्यक, पिछडिएको क्षेत्र र समुदायलाई

प्रत्यक्ष रुपमा लाभ पुग्ने तथा सामाजिक न्याय सम्वन्धी दिगो विकासको लक्ष्य हासिल गर्नेतर्फ बजेटलाई केन्द्रित गरिनेछ।

३४. मानव अधिकार, न्याय र समनताको प्रत्याभुति गर्न मानव अधिकारको संरक्षण, लैङ्गिक न्याय प्रवर्द्धन तथा राहत, सुशासनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३५. आकस्मिक रुपमा आउने प्राकृतिक र मानवीय विपद्का घटनाबाट सिर्जित मानवीय, भौतिक, वातावरणीय, सामाजिक, आर्थिक क्षति न्यूनिकरण गर्न तथा सम्भावित विपद् जोखिम व्यवस्थापनको लागि खोज, उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माणमा सहयोग पुऱ्याउन सक्ने प्रविधि र लगानीलाई बजेटमा प्राथमिकता दिइनेछ।

३६. वातावरण तथा विपद्मैत्री, जलवायु परिवर्तन अनुकुलित तथा दिगो विकासका सूचकहरु हासिल हुने कार्यक्रमलाई प्राथमिकता दिइनेछ। प्रदेशको आयमा समेत वृद्धि हुनेगरी वनपैदावारको संरक्षण, उपयोग र वनमा आधारित उद्योग स्थापनामा जोड दिइनेछ।

३७. प्रदेशभित्र खेलकुदको विकास र विस्तारका लागि पूर्वाधार निर्माण, संरक्षण र सञ्चालनका साथै खेलाडीहरुको प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

३८. प्रदेशको अधिकार क्षेत्रमा पहिचान गरिएका सूचिकृत विषयहरुको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक ऐन कानुनहरुको निर्माण र परिमार्जनलाई प्राथमिकता दिइनेछ।

३९. प्रदेश सरकारले निर्माण गरेका नीति, कानुन तथा नियमहरुको प्रकाशन, वितरण तथा डिजिटल अभिलेखीकरण गरी सर्वसाधारणको सरल र सहज पहुँच सुनिश्चित गरिनेछ। सूचनाको भरपर्दो, व्यवस्थित र विश्वसनीय प्रयोगको लागि प्रदेश सरकारका सूचनालाई एकद्वार प्रणाली मार्फत प्रवाह हुने प्रणालीको विकास गरिनेछ।

४०. सुशासनको मूलभूत अवधारणालाई आत्मसात् गरी प्रदेश सरकारको शासकीय प्रणालीलाई विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ। खुला सरकारको अवधारणालाई प्रबर्द्धन गर्दै आम नागरिकको विश्वास आर्जन गर्न पारदर्शिता र उत्तरदायित्व प्रबर्द्धन गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

४१. प्रदेशको डाटा व्यवस्थापन तथा अभिलेखीकरण गर्न सूचना प्रविधिको अधिकतम उपयोग गर्ने र सेवा प्रवाहलाई छिटो, छरितो र विश्वसनीय बनाइनेछ।

४२. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी र गुणस्तरिय बनाउन कर्मचारीहरुको क्षमता विकास र उत्प्रेरणाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४३. वित्तीय हस्तान्तरणलाई प्रभावकारी बनाउन प्राप्त अनुदानको उद्देश्य अनुरुप परिचालन गर्दै स्थानीय तहमा हस्तान्तरित अनुदानलाई समेत उद्देश्यअनुरुप कार्यान्वयन गर्न नियमित अनुगमन, ज्ञान हस्तान्तरण, अन्तरक्रिया मार्फत स्वामित्वभाव अभिवृद्धि गरिनेछ। स्थानीय तहमा हस्तान्तरण हुने अनुदानमा सशर्त अनुदानको मात्रा घटाउदै निशर्त अनुदानमा अभिवृद्धि गर्दै लगिनेछ।

४४. प्रदेश सरकारलाई आन्तरिक राजस्व प्राप्त हुने र राजस्वको दायरा अभिवृद्धि गर्न सकिने क्षेत्र र संरचनाको निर्माण गर्न उच्च प्राथमिकता दिइनेछ।

४५. राजस्व परिचालन र चुहावट नियन्त्रण सम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ। राजस्व संकलन र नियमन प्रकृयालाई थप प्रविधिमैत्री तथा यथार्थपरक बनाउन एकीकृत राजस्व सूचना प्रणालीको विकास गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह बीच समन्वय र सहकार्य गरिनेछ।

**माननीय सभामुख महोदय,**

४६. प्रदेश सरकारको आन्तरिक स्रोत परिचालन न्यून रहेको, स्रोत व्यवस्थापनमा संघ सरकारमा नै निर्भर रहेको अवस्थामा आत्मनिर्भर र दिगो आर्थिक वृद्धिको लागि उपलव्ध स्रोत र साधनको प्रभावकारी परिचालन गर्न सरोकारवाला निकायहरु सबै कटिबद्ध हुनुपर्ने अवस्था छ। आत्मनिर्भर, दिगो, उत्पादनमूलक र रोजगारी वृद्धि हुने क्षेत्रमा लगानी बढाउनु अपरिहार्य भइसकेको छ।

४७. वर्तमानको आवश्यकता दिगो र फराकिलो आर्थिक वृद्धि, आत्मनिर्भरता, आन्तरिक उत्पादन वृद्धि, रोजगारी सिर्जना, गुणस्तरिय शिक्षा र स्वास्थ्य, स्वच्छ खानेपानी, जनतालाई प्रत्यक्ष लाभ हुने भौतिक पूर्वाधार निर्माण, सरल र सहज सार्वजनिक सेवा प्रवाहमा आगामी बजेट केन्द्रित हुने कुरा माननीय सदस्यहरुलाई आश्वस्त गराउन चाहन्छु।

४८. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमलाई प्रदेश सरकारको आवधिक योजना, नीति तथा कार्यक्रम, बजेटका सिद्धान्त र प्राथमिकता,

मध्यमकालीन खर्च संरचना, दिगो विकासका लक्ष्यहरु, वर्तमान सयुक्त सरकारको सहमतिको गन्तव्यसँग तादाम्यता कायम गरी बजेट तर्जुमा गर्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु।

४९. यस सम्मानित सभा समक्ष पेश गरेको विनियोजन विधेयक,२०८० का सिद्धान्त र प्राथमिकता प्रदेशको आवश्यकता, राष्ट्रिय अन्तराष्ट्रिय परिवेश, वस्तुगत यथार्थता र उपलब्ध हुने स्रोत साधनका बीच तादाम्यता हुने गरी तयार गरिएको छ। माननीय सदस्यहरुले प्रस्तुत सिद्धान्त तथा प्राथमिकताहरुमा सघन छलफल गरी रचनात्मक पृष्ठपोषण दिनुहुनेछ भन्ने विश्वास लिएको छु। माननीय सदस्यहरुबाट प्राप्त हुने सुझाव र प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई आर्थिक वर्ष २०८०/८१ को बजेट निर्माणमा मार्गदर्शनको रुपमा लिने प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु।

**धन्यवाद**